■ नवराज बुर्लाकोटी, एमडी, प्राइम सिए

लाखौं खर्च गर्दा पनि भनेजस्तो डाक्टर, इन्जिनियर बन्न नसकिने वर्तमान समयमा थोरै लगानीमै सिए बन्ने अवसर सिर्जना हुन थालेको छ । भविष्यका लागि न भौतारिनुपर्ने, न त निराश नै बन्नुपर्ने । समय पनि जम्माजम्मी चार वर्ष । "थोरै पैसामा पढाइ सक्नासाथ व्यवसायिक बनिने विषय नै सिए हो" काठमाडौंको नयाँ बानेश्वरस्थित प्राइम सिएका प्रबन्ध निर्देशक नवराज बुर्लाकोटीले भने । सिएमा तीनवटा लेभल हुने, प्राइममा पढ्दा बोर्ड र सिएको गरी पहिलो लेभलमा ९० हजार खर्च हुने बुर्लाकोटी बताउँछन् । त्यस्तै दोस्रो लेभलमा प्राइम र बोर्डगरी १ लाख १० हजार, अनि तेस्रो तह वा अन्तिममा बोर्डको ४० र प्राइमलाई तिर्नुपर्ने करीब ७५ हजारगरी जम्माजम्मी ३ लाखमै सिए बन्न सकिने अवसर सिएमा मात्रै भएको उनले दाबी गरे । समयको हकमा पहिलो लेभलमा ६ महिना, दोस्रोमा ९ महिना र तेस्रोमा करीब ३ वर्ष लाग्छ । यसरी हिसाब गर्दा एउटा विद्यार्थी नियमित रूपमा

ज्ञानसँग जोडिएको हुन्छ । यसमा पर्सेन्टेजले कुनै अर्थ नराखे पनि भर्ना हुन पाउनु र पास हुनुलाई विशेष महत्वका साथ हेरिने गरिन्छ । बुर्लाकोटी भन्छन्, "सिएमा पढ्नुपर्ने चीज नै धेरै छ । यसमा बुझ्नेभन्दा सम्झने कुरो गाह्रो हुन्छ । सिएको कोर्ष लामो हुने हुँदा सम्झन पनि त्यतिकै गाह्रो हुन्छ ।"

प्राइम सिएमा सिएसँगै एकेडेमिक कोर्ष पनि गराइन्छ । झण्डै ७०



लागि उपयुक्त सल्लाह
बताउँछन् । समयमै
मेहनतीहरूले सिए नै
महंगो बिषय हो भने
अपनाउन समेत बुर्ला
सस्तोमा एउटा विद्यार्थी



# एनपीओ लालीगुराँसद्वारा भूकम्प पीडितलाई सहयोग




जापानको मिकीसिटीस्थित एनपीओ लालीगुराँस संस्थाले गत वैशाख १२ र २९ गते गएको भूकम्पबाट पीडित भएकाहरूलाई बिभिन्न सामग्री बितरण गरेको छ । संस्थाले बिभिन्न टोल, बृद्धाश्रम तथा विद्यालयमा पुगेर खाद्यान्न, घरायसी सामग्री र खेलौना बाँडेको बताइएको छ । सो संस्थाले काठमाडौंको नक्शालस्थित बालमन्दिरमा रहेको बहिरा संघ स्कुलका १ सय १० विद्यार्थीलाई कापी कलम उपलब्ध गराउनुका साथै बनेपाको मेटासेन्टस्थित टुहुरा बालबालिकालाई खानेकुरा र बेडसिट सहयोग गरेको छ ।

यसैगरी एनपीओले सीतापाईला ७ का ८० घर परिबार तथा बुङ्मतीका स्थानीयलाई खाद्यान्न एवं लत्ताकपडा लगायतका सामग्री बितरण गरेको बताइन्छ । सो संस्थाले पशुपति बृद्धाश्रमका बृद्धबद्धालाई राहत उपलब्ध गराएको, काठमाडौंको महांकाल र श्रीकृष्ण माविका विद्यार्थीलाई स्टेशनरीका सामग्री दिएको, ठिमीस्थित सिबिआरमा आश्रित असहाय बालबालिकालाई औषधी, खाद्यान्न र खेलौना सहयोग गरेको छ । भूकम्पले आहत भएका बृद्धबृद्धा, विद्यार्थी तथा स्थानीयलाई थोरै भए पनि सघाउन सकियोस् भनी राहत सामग्री बितरण गरिएको संस्थाका प्रतिनिधि एकेमी श्रेष्ठले बताइन् ।



Global Youth Association of Nepal
Kathmandu

प्रशंसा-पत्र

२०७२ वैशाख १२ गतेको महाभुकम्प र त्यसपछिको लगातारको पराकम्पनले सम्पूर्ण देशवासीलाई विचलित र मर्माहित तुल्याएको अवस्थामा काठमाडौं क्षेत्र नं. १ का प्रभावित दाजुभाई तथा दिदीबहिनीहरुलाई आर्थिक सहयोग गर्नुभई पवित्र मानविय कार्यमा संलग्न हुनु भएकोमा समाजसेवी श्री एकेमी श्रेष्ठ ज्युलाई, माननीय उप-प्रधान, संघीय मामिला एवं स्थानीय विकास मन्त्री तथा नेपाली कांग्रेसका महामन्त्री श्री प्रकाशमान सिंहज्युबाट स-सम्मान यो प्रशंसा-पत्र प्रदान गरिएको छ ।

| | | | |
|---|---|---|---|
| दिपेन्द्र श्रेष्ठ<br>कार्यक्रम संयोजक | इन्द्र कर्माचार्य<br>सचिव | शरद श्रेष्ठ<br>अध्यक्ष | मा. प्रकाशमान सिंह<br>प्रमुख अतिथि<br>तथा<br>उप-प्रधान मन्त्री<br>नेपाल सरकार |

२०७२/३/२५







*प्रकाशक/सम्पादक* : डिल्लीराम भट्टराई (९८४१४०५२९०) *कार्यकारी निर्देशक* : शोभा न्यौपाने, *कानूनी सल्लाहकार* : अधिवक्ता राजेशकुमार बटाला (९८४८४०२९५६), *बजार व्य*
*लेआउट* : अल मिडिया सोलुसन, बागबजार, *मुद्रण* : सुजल अफसेट प्रेस, बागबजार *कार्यालय* : पुतलीसडक, काठमाडौं, फोन ०१-४४२१९६२ इमेल : samayasandarbha@gr